# दोगडाकेदार गाउँपालिकाको आ.व. २०८२।०८३
# को वार्षिक नीति तथा कार्यक्रम

दोगडाकेदार गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देउलेक, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

# “उत्पादन रोजगारी र पूर्वाधारःदोगडाकेदारको विकास र समृद्धिको आधार”

**आदरणीय गाउँसभा अध्यक्ष ज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

आज म दोगडाकेदार गाउँपालिकाको १५ औं गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेकी छु । स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई हामीले कार्य प्रारम्भ गरेको पनि तीन वर्ष व्यतित भई सकेको छ । यस अवधिको हाम्रो कार्यसम्पादनको मुल्याङ्कन गर्ने जिम्मा आम दोगडाकेदार बासीलाई छाड्दै यस गरिमामय सभामा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुती भएको छ । यस क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको पुनःस्मरण गर्न चाहान्छु ।

नेपालको संविधानको धारा ५६ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ सोही व्यवस्था बमोजिम नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयानुसार साविकका गा.वि.स. हरु रिम , श्रीकोट , श्रीकेदार , न्वाली , सित्तड , देउलेक , कटौजपानी र जगन्नाथ (५ देखी ९) समावेस गरी दोगडाकेदार गाउँपालिका घोषणा गरिएको छ । जिल्ला सदरमुकामबाट ३२ कि.मि. टाढा रहेको जिल्लाको ऐतिहासिक तथा धार्मिक रुपले पवित्र दोगडाकेदार धामको नामबाट नामाकरण गरिएको यो गाउँपालिका १२६.३८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस गाउँपालिकाको कुल जनसंख्या २०७८ सालको जनगणना अनुसार २३,१०४ रहेको छ ।

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ , प्रदेश र स्थानीय तह बिचको सहकारिता , सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागीता , उत्तरदायित्व र पारदर्शीता सुनिश्चीत गरि सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेसी र न्यायोचित वितरण गरि कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप सामाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक सासन प्रणालीलाई स्थानीय तह देखी नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय सासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा

विधायकी, कार्यकारणी, न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको रुपमा हाम्रो गाउँपालिका क्रियाशिल रहेको छ ।

वि.सं. २०७९ बैशाख ३० गते स्थानीय तहको निर्वाचनमा सामेल भई आफ्नो अमुल्य मताधिकार प्रयोग गरि दोगडाकेदार गाउँपालिकाको भविष्यको रुपरेखा कोर्ने अभिभारा हाम्रो काँधमा सुम्पनु भएका सम्पूर्ण दोगडाकेदार बासी दाजुभाई दिदिबहिनीहरुप्रति कृतज्ञता प्रकट गर्दछौं । दोगडाकेदार गाउँपालिकाको सर्वाङ्गिण विकास मार्फत दोगडाकेदार बासीको हित र कल्याणका लागि गरिएका प्रतिवद्धता र बचनवद्धताप्रति हामी कटिवद्ध छौं । दोगडाकेदार गाउँपालिकाको गरिमा र ख्यातीलाई उचाईमा पुऱ्याउनु हुने पूर्व जनप्रतिनिधि ज्यूहरुको योगदान, विकासप्रतिको लगाव र मार्गदर्शनलाई धन्यवाद दिन चाहान्छौं ।

**आदरणीय गाउँसभा अध्यक्ष ज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

**अब म यस दोगडाकेदार गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को आर्थिक विकास क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**(क) कृषि तथा पशुपालन**

१. कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । कृषि क्षेत्रको आधुनिकिकरण, व्यावसायिकिकरण र प्रविधिकरण गरिनेछ । आवश्यक कृषि उपकरणकालागि ५० प्रतिशत अनुदानको व्यवस्था मिलाईने छ । उक्त कार्यक्रम सहकारी र निजिक्षेत्रसंग साँझेदारी गरी संचालन गरिनेछ ।

२. कृषि क्षेत्रलाई निर्वाहमुखी बाट व्यवसायमुखी र आत्मनिर्भरमुखी बनाउदै यस क्षेत्रमा रोजगारीको अवसर सिर्जना गर्न प्रोत्साहित गरिनेछ । प्रत्येक वडामा कृषि पकेट क्षेत्र निर्धारण गरी एक टोल एक उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

३. मसला बालीको उत्पादन, प्रसोधन तथा बजारिकरणमा जोड दिईनेछ ।

४. च्याउखेती कार्यक्रमको लागि इच्छुक कृषकलाई च्याउखेती सम्बन्धी तालिम तथा विउ उपलब्ध गराईनेछ ।

५. कृषियोग्य भूमिमा सिंचाई भन्ने मूल भावनाका साथ पुराना सिंचाई प्रणालीको मर्मत,थोपा सिंचाई, साना सिंचाई, प्लाष्टिक पोखरी लगायत पम्पिङ्ग सिंचाईको माध्यमबाट कृषि उत्पादनमा वृद्धि हुने गरी सिंचाई क्षेत्रमा योजना बनाईनेछ ।

६. कृषि सहकारी संगको सहकार्यमा कृषि बिउविजन तथा मलका लागि गाउँपालिका स्तरीय कृषि बिउविजन तथा मल केन्द्र संचालनमा ल्याईनेछ ।

७. कृषि क्षेत्रलाई प्राथमिकता दिई **अध्यक्ष नमुना कृषिगाउँ कार्यकम** संचालन गरिने छ । यो कार्यक्रम साझेदारीका रुपमा संचालन गर्न यसका लागि आवश्यक व्यवस्था मिलाईने छ । र यसमा सहकारी, व्यवसायिक फर्म तथा कृषक साझेदारी लाई जोड दिईनेछ ।

८. एक वडा एक कृषि प्राविधिकलाई कार्य सम्पादनको आधारमा निरन्तरता दिई  किसानको खेत गोठमा प्राविधिकहरु पुग्ने ब्यवस्था कडाईका साथ मिलाईने छ । कृषि उत्पादन लाई व्यवस्थित गर्न स्थानिय उत्पादनलाई शितभण्डार भण्डारणको ब्यवस्था मिलाईने छ ।
९. कृषिजन्य उत्पादनलाई बजारीकरणको उचित ब्यवस्थापन गर्न कृषि सहकारीहरु लाई प्रोत्साहन गरिनेछ ।
१०. कृषि बिमा कार्यकम लागु गरी सोका लागि निशुल्क बिमा कार्यकम संचालन गरिनेछ ।
११. कृषक दर्ता व्यवस्थापन कार्यक्रम र कृषि तथा पशुपन्छी सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने कार्य गरिने छ र कृषि आधुनिकिकरणमा जोड दिइनेछ ।
१२. राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने वाली साना व्यवसायिक कृषि उत्पादन (पकेट) विकास कार्यकम संचालन गरिनेछ ।
१३. बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट), भैंसी प्रवर्द्धन, माछा पालन कार्यकम , कुखुरा पकेट विकास कार्यकम, बोयर बोका वितरण र भकारो सुधार कार्यकम संचालन गरिनेछ
१४. एक टोल एक उत्पादनमा जोड दिइ उत्पादनमा आधारित अनुदान कार्यकम, नमुना कृषि गाउँ कार्यकम र मकै बालीको पकेट विकासका कार्यकम संचालन गरिनेछ ।
१५. पशु बिमा कार्यकम लागु गरि सोका लागि निशुल्क बिमा कार्यकमलाई निरन्तरता दिईने छ ।
१६. दुध डेरी स्थापना तथा पशु फर्म विकास कार्यकम संचालन गरिने छ । सोका लागि सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ र यसका लागि उत्पादनमा आधारित अनुदानका लागि आवश्यक बजेटको ब्यवस्था मिलाइनेछ ।
१७. लम्पीस्कीन डिजिज रोगको नियन्त्रण गर्न संघ र प्रदेश सरकारको समन्वयमा आवश्यक खोपको व्यवस्थापन गरिनेछ ।
१८. कृषि उत्पादनलाई अभिवृद्धि गर्नकोलागि माटोको गुणस्तर परीक्षण गरिनेछ ।
१९. २० वटा भन्दा माथी बाखा पालन गर्ने , ५ वटा  भन्दा माथी गाई/भैसि पालन गर्ने , ३०० वटा भन्दा माथी कुखुरा/हाँस/टर्की/कालिज पालन गर्ने , २० घार भन्दा माथी मौरी पालन गर्ने, ५० वटा भन्दा माथी फलफुलका विरुवा खेती गर्ने र २ रोपनी भन्दा माथीको जमिनमा व्यवसायिक तरकारि खेती गर्ने कृषकहरु लाई पुरस्कार तथा अनुदानको व्यवस्था गरिनेछ ।
२०. कृषि उत्पादनमा आधारित भई अनुदान दिईनेछ र काम नगर्ने फर्मलाई कारवाहिको दायरामा लिइनेछ ।

**(ख) उद्योग तथा वाणिज्य**

२१. **स्थानीय कच्चापदार्थमा आधारित उद्योग** : बाँस, निगालो, हस्तकला, हर्वल, साबुन, मसला हरुलाई प्रोत्साहान गरिनेछ । यस्ता उदोगहरुले स्थानिय स्तरमा रोजगारी श्रसजना गर्नुका साथै गाउँपालिका लाई आत्मनिर्भर बनाउन सहयोग गर्नेछ ।
२२. **सिप विकास र तालिम :** युवाहरुलाई स्थानिय बजार माग अनुसार प्लम्बिङ्ग, ईलेक्ट्रिक, सिलाइ कटाई, हाते होजियरी, ब्युटिपालर, सवारी साधन मर्मत, डकर्मी सिकर्मी जस्ता व्यहारिक सिपमुसलक तालिम प्रदान कार्यक्रम लाई निरन्तरता दिईने छ ।
२३. **बजारिकरण र सहयोग :** उत्पादित बस्तुहरुको बजारिकरणका लागी प्रदर्शनी मेला आयोजना गरिने छ र अनलाईन प्लेट फर्ममा जोड्न सहजिकरण गरिने छ ।

२४. **कानूनी तथा प्रशासनिक सहजिकरण :** उद्योग दर्ता, कर छुट ईजाजत पत्र प्रक्रियामा सहजिकरण गरि उद्यमशिलताका लागी अनुकुल वतावरण श्रृजना गरिने छ ।

२५. गाउँपालिका क्षेत्रभित्र सञ्चालीत व्यवसायिक फर्महरुको दर्ता नविकरण कार्यलाई गति दिइनेछ ।

२६. गाउँपालिका भित्र उद्योग व्यवसायको प्रवद्धन गर्न उद्योग मैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. गाउँपालिका क्षेत्र भित्रका श्रोत साधनको पहिचान तथा खोजी गरी भौतिक निर्माण कार्यमा स्थानीय श्रोत साधनको प्रयोग लाई प्रोत्साहन गरिनेछ ।

२८. बजार अनुगमनलाई तिव्रता दिईनेछ ।

२९. स्थानीय उत्पादनको उपयोग गरी उद्यमशिलता प्रर्वद्धन, रोजगारी सिर्जना तथा गरिवी निवारण गर्न सार्वजनिक निजि साझेदारी मोडेल मार्फत चिउरी तथा रिठा प्रशोधन गर्न सावुन उद्योग स्थापना गरि सञ्चालनमा ल्याईनेछ ।

३०. नयाँउद्यमीहरुलाई उद्यमविकासका लागि प्रोत्साहित गरिने छ । उद्यमिहरुलाई उत्पादन बृद्धिकालागि नयाँ प्रविधि हस्तानतरण कार्यक्रम संचालन गरिनेछ ।

३१. उद्यमीहरुका लागि साना उद्योगहरुलाई प्रोत्साहन गरी करमा विशेष छुटको व्यवस्था मिलाईने छ । उद्योगधन्दा ब्यापार ब्यवसायको स्थापना र संचालन गर्न आवश्यक पुर्वाधारको व्यवस्था गरि सहज वातावरण बनाईनेछ र यस क्षेत्रमा सहकारी र निजीक्षेत्रलाई प्रोत्साहन गरिनेछ । यस गाउँपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुलाई कृषि, पशुपालन, पर्यटन, लघु उद्यम, लघु जलविद्युत जस्ता उत्पादन क्षेत्रमा काम गर्न प्रोत्साहन गरिनेछ ।

३२. संघिय र प्रदेश सरकार संग समन्वय गरी औद्योगिक ग्राम स्थापना गर्न आवश्यक पहल गरिनेछ

३३. स्थानीय जडिवुटीलाई प्रसोधन, बजारिकरण तथा प्रवर्द्धन गर्न संघ र प्रदेश सरकारलाई सहयोगका लागी अनुरोध गरिनेछ ।

## (ग) पर्यटन

३४. धार्मिक पर्यटकिय सम्भावना बोकेका मठमन्दिर, धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धन गरिने छ । वडानं. १ को महारुद्र मन्दिर, वडा नं. २ को चनैराज तथा रौलाकेदार, वडा नं. ३ को खोचलेक केदार, वडा नं.४ को देउलेक धाम, वडा नं.५ को दोगडाधाम, वडा नं. ६ को केदार मन्दिर, वडा नं.७ को भुमिराज मन्दिर र वडा नं. ८ को मौलिङ्ग मन्दिर लगायतका सबै मन्दिरहरुमा बिशिष्ट कार्यक्रमहरु संचालन गरी धार्मिक पर्यटन वर्ष मनाईने छ । साथै मठ मन्दिर संरक्षण तथा ब्यवस्थापनका लागि दर्ता प्रक्रियामा लगिनेछ ।

३५. वडा नं. ०६ को पौराणिक चर्मण्यावती नदि र जमाडी नदिको संगम स्थललाई धार्मीक पर्यटकिय गन्तव्यको रुपमा विकास गरिनेछ ।

३६. पर्यटकिय क्षेत्रको पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै यस क्षेत्रमा सम्वन्धित निकायहरु संग प्रभावकारी समन्वय गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्न प्रोत्साहित गरी निजी, सहकारी र साझेदारीलाई प्राथमिकता दिइनेछ । जिपलाइन तथा चौलानी नदिमा ऱ्याप्टिङ्ग यस आर्थिक बर्ष मा संचालन गरिनेछ ।

३७. आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनका लागि पर्यटकीय आवास तथा होमस्टे संचालन गरिने छन् ।

३८. दोगडाकेदार ५ मा रहेको रैंसेकोट क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिने छ ।

## (घ) सहकारी तथा वित्तिय क्षेत्र

३९. सहकारी, निजि र घरेलु उद्योगहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

४०. गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुको तथ्याकं अध्यावधिक गरी सहकारीको नियमन तथा अनूगमन गरिनेछ ।

४१. रुग्ण अवस्थामा रहेका सहकारी संस्थाहरुलाई मर्ज गरी सहकारी प्रवर्द्धनमा सहयोग गरिनेछ ।

४२. सहकारी मार्फत विभिन्न उद्योग स्थापना तथा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

४३. अन्तर सहकारी लगानीलाई प्रवर्द्धन गरिनेछ ।

४४. सहकारीहरुको अनुगमन, नियमनलाई कडाइ गरी मापदण्ड पुरा नभएका सहकारीहरुलाई खारेज गरिनेछन ।

४५. सहकारिका सञ्चालक तथा व्यवस्थापकहरुलाई क्षमता अभिवृद्धी गर्न तालिम प्रदान गरिनेछ ।

४६. गाउँपालिका भित्र रहेका सहकारिहरुले बार्षीक रुपमा एक सहकारीले एक सामाजिक कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ ।

४७. वित्तिय साक्षरता कार्यक्रमलाई सामुदायस्तर सम्म विस्तार गरिनेछ ।

४८. बित्तिय सुशासन तथा क्षमता विकासका लागि सहकारी तथा निजि क्षेत्रलाई समन्वय गरी आवश्यक कार्यक्रम संचालन गरिनेछन ।

४९. गरिविनिवारण कोषद्वारा संचालित समुहहरुलाई सहकारीहरुसँग समायोजन गरी गरिवि निवारण कोषले लगानी गरेको बिउपुँजी कोषलाई सहकारीमा सुरक्षित गरिनेछ ।

५०. समृद्ध दोगडाकेदार गाउँपालिका निर्माणका लागि यस क्षेत्रमा कार्यरत गैर सरकारी संघ सस्थाहरु, अन्तराष्ट्रिय संघ सस्थाहरु, सहकारी तथा निजि क्षेत्रसँग समन्वय गरी योजना तथा कार्यक्रम सञ्चालन गरिनेछन् ।

## (ङ) रोजगारी सिर्जना तथा रोजगार कार्यक्रम

५१. सुरक्षित आप्रवासन (Sami) को सहकार्यमा बैदेशिक रोजगारमा गएका घरपरिवारलाई बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनि छ ।

५२. श्रम संसार प्रणलिको लागु गरिनेछ ।

५३. खेती योग्य बाँझो जमिन पहिचान गरी रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई कृषि र उत्पादन मुलक क्षेत्रमा रोजगारी प्रदान गरिनेछ ।

५४. गाउँपालिका भित्रको रोजगारीको सम्भाब्य स्थिति विश्लेसण, तथ्याङ्कसंकलन, रोजगार नक्साङ्कन, तथा रोजगारीका अवसरहरुको अभिलेखाङ्कन गरिनेछ ।

५५. बेरोजगारहरुको ज्ञान, सिप, अनुभव क्षमता र बजार मागको आधारमा आवश्यक सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिमकेन्द्र मार्फत तालिम प्रदान गरिनेछ ।

५६. रोजगारी र स्वरोजगार सम्बन्धी सम्बन्धित बिषयगत शाखा कृषि र पशुबिकास लगायत अन्य निकायबाट प्रदान गरिने कार्यक्रम संग समन्वय र सहकार्य गरिनेछ ।

५७. गाउँपालिकाको रोजगार (आन्तरिक र बैदेशिक ) पार्श्वचित्र तयार गरिनेछ ।

५८. श्रमको सम्मान राष्ट्रको सम्मान , रोजगार सम्वाद मञ्चको सञ्चालन र स्थानीय तहको रोजगार रणनीती तर्जुमा /अद्यावधिक र कार्यान्वयनमा जोड दिइनेछ ।

५९. गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम संचालन गरी रोजगारी सृजना गरिनेछ ।

६०. युवा वर्गको बिकासका निम्ति गाउँपालिका युवा रोजगार कार्यक्रम संचालन गरिनेछन ।

६१. वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिको तथ्यांक संकलन गरी बैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पुँजी, सिप, प्रविधि र अनुभव स्थानीय तहमा नै उद्दमशिलताको विकास तथा सिपको प्रवर्द्धनमा उपयोग गराई यस्ता व्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६२. बैदेशिक रोजगारीलाई थपव्यवस्थित मार्यादित सुरक्षित तथा भरपर्दो बनाउन बैदेशिक रोजगारीमा जाने व्यक्तिका लागि व्यक्तिगत श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका लागि रोजगार सेवा केन्द्र मार्फत रोजगार व्यवस्थापन सूचना प्रणाली (FEIMS) प्रणालीबाट आवेदन गर्ने व्यवस्था मिलाइनेछ ।

६३. श्रम बजारको माग अनुसारको सिपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ । निजि क्षेत्रसंगको समन्वय र सहकार्यमा व्यवसायिक सिपमुलक तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

६४. स्थानीय तहबाट नै श्रम स्वीकृती दिने प्रकृयालाई अझै प्रभावकारी र सेवाग्राही मैत्री बनाईनेछ ।

६५. वैदेशिक रोजागर बोर्डको सचिवालयले प्रदान गर्ने सेवा सुविधाहरु रोजगार सेवा केन्द्र मार्फत सहजिकरण गरिने छ ।

**आदरणीय अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु ।**

**अब म सामाजिक विकास क्षेत्रको निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

## (क) शिक्षा , खेलकुद तथा मनोरञ्जन

१. बिद्यमान शैक्षिकप्रणालीमा सुधार गरी ब्यवसायिक, प्राविधिक, बालमैत्री, अपाङ्गमैत्री तथा वतावरण मैत्री शिक्षा प्रदान गरिने छ । शिक्षण सिकाईलाई प्रभावकारी बनाउन प्रत्येक बिद्यालमा आवश्यक शैक्षिक सामाग्री, खेल सामाग्रीको ब्यवस्था मिलाईनेछ ।

२. बालमौत्री बिद्यालय तथा गुणस्तरिय शिक्षको लागी १० वर्षे गाउँ शिक्षा योजना कार्यान्वयन गरिने छ । र त्यका लागी प्रारम्भिक वालबिकास प्रवर्धन तथा बृहत सुरक्षा योजना बनाई लगु गरिने छ ।

३. शिक्षित युवाहरुलाई सरकारी जागिर तर्फ आकर्षित गर्न र क्षमता विकास गर्न निःशुल्क लोकसेवा तथा शिक्षक सेवा आयोगको कक्षा सञ्चालन गरिनेछ ।

४. राष्ट्रिय व्यवसायिक योग्यता परीक्षण प्रणाली अवलम्बन गरिनेछ ।

५. शैक्षिक गुणस्तर सुदृढ गर्न र शिक्षकको पेशागत विकासमा टेवा पुचाउन श्रोत विज्ञको अवधारणालाई कार्यान्वयन गरिनेछ ।

६. सिपयुक्त जनशक्ति तयार पार्ने उद्देश्य अनुरुप प्राविधीक तथा व्यवसायिक शिक्षाको विस्तार गरिनेछ ।

७. सबै विद्यालयहरुलाई पहेलो रंगले रंग्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

८. विद्यालय स्तरबाट सञ्चालन गरिने दिवाखाजामा घरायसी उत्पादनलाई जोड दिइ पत्रु खानालाई निषेध गरिनेछ ।

९. स्थानीय क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने दलित, महिला तथा अपाङ्ग बिद्यार्थीहरुलाई स्नातक तह छात्रबृति र अन्य छात्राहरुलाई स्नातकोत्तर तह छात्रबृति प्रदान गरिनेछ ।

१०. शुन्य दरवन्दी भएका माध्यमिक तह स्वयंसेवक शिक्षकको ब्यवस्था मिलाइने छ । प्रत्येक बिद्यालयमा योग शिविर र छात्राहरुलाइ आत्मरक्षा सम्बन्धी प्रशिक्षण कार्यकम संचालन गरिनेछन ।

११. उद्यमसंग बिद्यार्थी कार्यकम संचालन गरी बिद्यार्थीलाई **पढ्दै कमाउदै** कार्यकममा समाबेस गरिनेछ । यसका लागि आवश्यक बजेटको ब्यवस्था मिलाइनेछ ।

१२. विद्यार्थी संख्या र विद्यालयहरुबीचको दुरीका आधारमा न्युन विद्यार्थी संख्या भएका विद्यालयहरुलाई कमशः दरबन्दी मिलान तथा मर्ज गर्दै लगिनेछ ।

१३. बर्षको २ पटक हरेक विद्यालयमा पुगि निःशुल्क रुपमा विद्यार्थी तथा शिक्षकको स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाईनेछ ।

१४. विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा उत्प्रेरित गरी उनिहरुको वहुआयमिक विकासमा विषेश जोड दिईनेछ । विद्यार्थीका प्रतिभालाई उजागर गर्न व्यक्तिको विकास गर्न प्रत्येक माधमिक बिद्यालयलाई १/१ माईक साउण्ड वक्स प्रदान गरि आवश्यक कार्यकम सञ्चालन गरिनेछ ।

१५. एक बिद्यालय एक करेसावारी स्थापना गरिनेछ ।

१६. एक मा.वि. एक नर्सको अवधारणालाई अवलम्वन गरिनेछ ।

१७. एक वडा एक नमुना विद्यालय स्थापना गरिनेछ ।

१८. प्रत्येक माध्यमिक बिद्यालयहरुमा मल्टीमिडिया प्रविधिवाट शिक्षण सिकाई, ई-लाईब्रेरी तथा स्माट कक्षा संचालन गरी पठन पाठन गराईने छ र पठनपाठनमा उत्कृष्ट र अनुशासनमा उत्कृष्ट बिद्यालयहरुलाई पुरष्कृत गरिनेछ ।

१९. यस गाउँपालिकाका सामुदायिक बिद्यालयहरुमा आधारभूत तह (कक्षा १-८) सम्म अनिवार्य अंग्रेजी माध्यमबाट पढाई संचालन गर्ने बिद्यालयहरुलाई बिशेष अनुदानको व्यवस्था मिलाईनेछ । प्रारम्भिक बाल विकास केन्द्रको चौतर्फी विकासको लागि आवश्यक पहल कदमी लिईनेछ ।

२०. अनाथ एवम् टुहुरा बालबालिकाको संरक्षण गरी शिक्षाको उज्यालो ज्योती प्रदान गर्नको निम्ती कक्षा १ देखी कक्षा १२ सम्म अध्ययनरत वालवालिकाहरुलाई बार्षिक एकमुष्ट रकम रु. २० हजार पढाइ खर्चदिने व्यवस्थालाई निरन्तरता दिईनेछ र निजको संरक्षणको रोहोबरमा बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ ।

२१. शिक्षालाई गुणस्तरीय बनाउन बिद्यालयहरुका लागि अनुदान कार्यक्रम संचालन गरिनेछ । यसका लगि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

२२. प्रत्येक बिद्यालयमा खानेपानी र शौचालय आगामी आ. व. २०८२/०८३ मा सम्पन्न हुने गरी आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।

२३. बिद्यालयहरुमा संचालन तथा निर्माण गरिने कार्यकम तथा संरचनाहरु बालमैत्री बनाइनेछन् ।

२४. बाल बिकास केन्द्रका शिक्षक, बिद्यालय कर्मचरीहरुलाई सशर्त बजेटमा पालिकाबाट थप गरी तलव भत्ताको व्यवस्था गरिनेछ ।

२५. बिद्यालयहरु समायोजन तथा दरवन्दी मिलानलाई पूर्णता दिई गुणस्तरिय शिक्षा प्रदानमा जोड दिईनेछ ।

२६. गाउँपालिकाको एक मात्र उच्च शिक्षा प्रदान गर्ने श्रीकोट बहुमुखी क्याम्पसमा आवश्यक पूर्वाधार निर्माण गरिने छन् । थप संकाय संचालन गर्न आवश्यक पहल गरी आङ्गिक क्याम्पसका

लागि संघ र प्रदेश सरकारसँग अनुरोध गरिनेछ । निजीश्रोतमा संचालित क्याम्पसलाई आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

२७. आर्थिक रुपमा विपन्न विद्यार्थीहरुलाई प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि आवश्यक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२८. विद्यालयमा शिक्षण सिकाई क्रियकलापसंग सम्बन्धित समस्या सामाधान गर्न, आवश्यक परामर्श तथा सल्लाहका लागि र गुनासो सुनवाईका लागि **"हेलो दोगडाकेदार हामी विद्यार्थी"**कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. कक्षा ८ र कक्षा ५ को परिक्षालाई थप स्तरिकृत गरिनेछ ।

३०. एक वडा एक खेलकुद मैदान एक व्यक्ति एक खेल कार्यक्रम संचालनलाई निरन्तरता दिईने छ र माध्यमिक विद्यालयहरुमा आवश्यक खेल सामाग्रीहरुको ब्यवस्था गरिनेछ ।

३१. वडा नं. ७ मा रहेको लवलेक खेलमैदानलाई पालिका स्तरिय खेल मैदान को रुपमा स्तरोन्नती गरिनेछ ।

३२. स्वच्छ जीवनका लागि खेलकुद भन्ने मुलमर्मका साथ खेलकुद क्षेत्रको बिकासको लागि आवश्यक पहलकदमी गरिनेछ ।

३३. पालिकास्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

**(ख) स्वास्थ्य**

३४. सुत्केरी र गर्ववती महिलाहरुको पोषण अवस्थामा सुधार ल्याउन **गर्ववती र सुत्केरीसँग** उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागी आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

३५. प्रत्येक कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था मिलाईने छ ।

३६. **म स्वस्थ मेरो समुदाय स्वस्थ** घर टोलमा स्वास्थ्य प्रर्वधन कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

३७. यस गाउँपालिकालाई सतप्रतिशत संस्थागत सुत्करी भएको सुनिश्चित गर्दै पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गरिनेछ । असहाय नागरिकलाई निशुल्क उपचार सेवा दिनुपर्ने व्यवस्था कडाईका साथ लागु गरिनेछ ।

३८. आधारभुत गुणस्तरीय स्वास्थ्य सेवामा जनताको सरल पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईनेछ । प्रत्येक टोलमा गाउँघर क्लिनिक निर्माण तथा बर्थिङ सेन्टरहरुलाई निरन्तरता दिइनेछ ।

३९. यस गाउँपालिका भित्र आधारभूत आयुर्बेदिक स्वास्थ्यकेन्द्र सञ्चालन गरिनेछ यसका लागि अवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

४०. गाउँपालिकालाई संस्थागत सुत्केरी गाउँपालिका, बालविवाह रहित गाउँपालिका, कुपोषण रहित गाउँपालिका, बालमैत्री गाउँपालिका, अपांगमैत्री गाउँपालिका घोषणा अभियान संचालन गरिनेछ ।

४१. स्वास्थ्य विमा र महिला स्वयंसेविकाहरुको प्रोत्साहन खर्चलाई निरन्तरता दिईनेछ र यस कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

४२. गर्भवती, सुत्केरीमहिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा सन्चालन कार्यलाई निरन्तरता दिइनेछ ।

४३. संघीय सरकारसँगको समन्वयमा वडा नं. ६ सित्तडमा १० शैयाको अस्पताल निर्माण कार्यको ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढिसकोको र आगामी वर्ष भित्र सम्पन्न गरिनेछ ।.

४४. सरसफाई उन्मुख गाउँपालिका बनाउन प्रत्येक वडाहरुमा ब्यक्तिगत, घरायसी र वातावरणीय सरसफाई कार्यक्रम संचालन गरी सरसफाई उन्मुख वडा घोषणा गरिनेछ ।

४५. “अध्यक्षको सान १००० दिनका आमाहरुको घरधुरीहरुलाई सुरक्षित पानी अभियान” नमुना टोल कार्यक्रम र वडा अध्यक्षको सान पोषणयुक्त नमुना टोल अभियान संचालनलाई निरन्तरता दिईएकोछ ।
४६. गर्भवतीका लागी घुम्ती ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
४७. नर्सीङ कर्मचारीको क्षमता अभिवृद्धी गरिनेछ ।
४८. आमा समुह सुदृढीकरण तथा पुनर्ताजकी अभियान सञ्चालनमा ल्याईनेछ ।
४९. श्रीकोट र रिम स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको प्रयोगशाला सेवालाई निरन्तरता दिइनेछ ।
५०. पूर्ण संस्थागत सुत्केरी वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५१. स्वास्थ्य संस्थाहरु सुदृढिकरणको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
५२. खोप क्लीनिकको लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।
५३. मातृ तथा नवशिशु आकस्मीक कोष सञ्चालनलाई निरन्तरता दिईनेछ ।
५४. पूर्णखोप शुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
५५. सुपोषीत समाज निर्माणको आधार १००० दिनको पोषणका लागि स्थानीय सरकार कार्यक्रम अन्तर्गत सुनौला १००० दिनका महिला (गर्भवती तथा सुत्केरी) ५ वर्ष मुनीका बालबालीका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५६. कुपोषण मुक्त गाउँपालिका बनाउन पोषणमैत्री गाउँपालिका घोषणाका लागि प्रकृया अगाडी बढाइनेछ ।

**(घ) खानेपानी तथा सरसफाई**

५७. अति विपन्न घर धुरिहरुलाई खानेपानी बिद्युत महशुल निशुल्क गरिने छ र यसका लागी आवस्यक बजेटको व्यवस्था मिलाईने छ ।
५८. गाउँपालिकाका सबै वडाहरुमा स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ । एक टोल एक धारा हुदै एक घर एक धारा अभियानलाई निरन्तरता दिइनेछ ।
५९. गाउँपालिका अन्तर्गतका सबै टोलहरुको खानेपानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाईनेछ ।

**(ङ) संस्कृति प्रवर्द्धन**

६०. **हाम्रो दोगडाकेदार हम्रो सस्कृति** भन्ने मुल नाराका साथ स्थानीय संस्कृति संम्बर्धनका लागि देउडा, हुडकेली नाच, छलिया नाच, गौरा (अठेवाली) सगुन, फाग संरक्षण सम्वर्द्धनका लागि बिषेश कार्यक्रम संचालन गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
६१. दोगडाकेदारको सामाजिक, ऐतिहासिक तथा संस्कृति झल्किने गरी संग्राहलयको स्थापना गर्न पहल गरिनेछ । बैतडेली भाषाको संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक पहल कदमी गरिनेछ ।
६२. सार्वजनिक जमिन, गौचर, मठमन्दिरको गुठी, सामुदायिक वन अतिक्रमण रोक्न विशेष पहल गरिनेछ ।

## (च) लैगिक समानता तथा सामाजिक सामावेशिकरण

६३. **सानैछु बढ्न देउ बिवाह हैन पढ्न देउ** भन्ने मुल नाराका साथ बालविवाह न्युनिकरणका लागि तयार पारिएको पञ्चवर्षिय रणनैतिक योजनालाई पुर्णरुमा लागु गरिनेछ । विवाह निमन्त्रण कार्यहरुमा जन्म मिति उल्लेख गर्न लागाईने छ ।

६४. हिंसा पिडित माहिलाहरुका लागि सुरक्षित घर निर्माण गर्न विशेष पहल गरिनेछ । लैंगिक हिंसा निवारणकोषको आवश्यक व्यवस्था मिलाईनेछ र यसबाट पिडितहरुको जिविकोपार्जन, पुनर्स्थापना र औषधि उपचारका लागी खर्च गरिनेछ । यस गा.पा. मा हिंसा पिडितका लागि लैंगीक हिंसा सेलको व्यवस्था मिलाईनेछ ।

६५. निसान्तः दम्पतिहरुलाई जीवन निर्वाहका लागी आयआर्जन कार्यक्रमको व्यवस्था गरिनेछ ।

६६. समाजमा रहेका हनिकारक प्रचलन अन्तका लागि अन्तर पुस्ता सम्बाद, जोडी सम्बाद, धार्मिक अगुवाहरु संग अन्तरक्रिया र रुपान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।

६७. यस गाउंपालिका भित्र रहेका यौनिक अल्पसंख्यकहरुको उत्थान र सशक्तिकरणका लागि आय आर्जनका कार्यकम सञ्चालन गरिनेछ । यसका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

६८. समावेशीकरणको राष्ट्रिय निति अनुरुप यस गाउँपालिका भित्र पिछडिएको वर्ग, गरिव, दलित, जनजाती, महिला, अल्पसंख्यक, उत्पिडित वर्गलाई नीति निर्माण तहमा समाबेश गरी उनीहरुको उत्थान एवम् क्षमता अभिवृद्धि गरी सशक्तिकरण गर्न आवश्यक पहलकदमी गरिनेछ । यसका साथै सिकाई प्रशिक्षण केन्द्र, शिल्पकला केन्द्र, बाल उद्यान तथा मनोरञ्जन केन्द्र सञ्चालन गरिनेछन । छुवाछुत मुक्त गाउँपालिका, पूर्ण बिभेदरहित गाउँपालिका, छाउपडीमुक्त गाउँपालिका, बालमैत्री गाउँपालिका, महिला हिंसा रहित गाउंपालिका, जेष्ठ नागरिककमैत्री गाउँपालिका आदि जस्ता अभियानहरु संचालनमा ल्याईनेछन् ।

६९. दलित समुदायमा रहेको परम्परागत सिप तथा व्यवसायलाई आधुनिकिकरण गर्ने तर्फ आवश्यक पहलकदमी गरिने र उत्पादित सामाग्री बजारिकरणको व्यवस्था गरिनेछ ।

७०. बृद्ध तथा अपांगता भएका ब्यक्तिहरुकालागि निःशुल्क स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ ।

७१. यस गाउँपालिका भित्र स्थापना भैसकेका अनाथालय र वृद्ध मनोरञ्जन केन्द्रलाई सञ्चालनमा ल्याईनेछ ।

७२. महिला आत्मनिर्भर कार्यकम संचालन गरिनेछ र महिलाको कार्यबोझलाई घटाउन जातो तथा कृषि प्रबिधि औजार बितरण कार्यकम संचालन गरिनेछ ।

७३. दलित टोलका परम्परागत नामहरु परिवर्तन गरिनेछन् ।

७४. सामाजिक सुरक्षाको दायरामा नपरेका र आर्थिक रुपले बिपन्न ४० वर्ष माथिका बिधुर तथा एकल पुरुषलाई जीवन निर्वाहका लागी आयआर्जन कार्यक्रमको व्यवस्था गरिनेछ ।

७५. बालबिवाह न्युनिकरणका लागी किशोर किशोरी रुपान्तरण कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ ।

७६. बहुक्षेत्रीयपोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन

गरिनेछ। महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषणअनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै पुर्ण पोषणमैत्रि वडा हुदै गाउँपालिकालाईनैपुर्ण पोषणमैत्रिस्थानिय तह घोषणा तर्फ उन्मुख गर्ने निति अवलम्बन गरिनेछ ।

७७. पोषण विशेष पोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धि कार्यक्रमहरुको विस्तार गरी महिला किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुँजीको विकास गरिनेछ ।

**आदरणीय अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु,**

**अब म पूर्वाधार क्षेत्रको निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

**(क) स्थानीय सडक , पुल तथा झोलुङ्गे पुल**

१. पुर्वाधार विकासमा विशेष जोड दिईनेछ र गाउँपालिका गौरवका आयोजनाहरुलाई उच्च प्राथमिकता दिईएकोछ।
२. यस आर्थिक वर्ष भित्र गाउँपालिका गौरवका सडकहरुलाई उच्च प्राथमिकता दिईने छ। एक वडा एक चक्रपथ बनाउने योजना सञ्चालनलाई निरन्तरता दिइनेछ।
३. निर्माण भएका गाउँपालिका गौरवका सडकहरु स्तरोन्नति गर्न आवश्यक बजेटको व्यवस्था मिलाईनेछ।
४. पालिका गौरवका आयोजना कार्यान्वयनका लागि आवश्यक साधन स्रोतको व्यवस्थापन गरिनेछ र नियमित अनुगमन र मूल्याङकन गरिनेछ।

**(ख) सिंचाई**

५. "कृषि क्षेत्रको सुधार सिंचाई मुख्य आधार" भन्ने नाराका साथ कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था गरिनेछ।

**(ग) भवन तथा शहरी विकास**

६. पालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ।
७. भवन आचारसंहिता लागु गरी व्यवस्थित बजारीकरण र भुकम्प प्रतिरोधात्मक घर निर्माण कार्यलाई कार्यान्वयनमा ल्याईनेछ।
८. बाँकी रहेका वडा कार्यालय भवनहरुको निर्माणका लागि आवश्यक पहल गरिनेछ।

**(घ) उर्जा**

९. ग्रामीण विद्युतिकरण, लघुउर्जा, सौर्यउर्जा आदि लाई प्राथमिकतामा राखिएको छ । बिद्युतीकरण कार्यक्रम लाई आगामी २ वर्ष भित्र सबै घर घुरीहरुमा बिस्तार गरिनेछ । यसका लागी प्रदेश सरकार र संघीय सरकार संग आवश्यक पहलकदमी गरिनेछ ।

१०. बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्र तथा प्रदेश सरकार सँग समन्वय गरी सडक बत्ती विस्तार गर्दै प्रत्येक वडाहरुमा पुऱ्याईनेछ । पम्पिङ्ग खानेपानी योजना, पम्पीङ्ग सिंचाई योजना, सुधारीएको घट्ट, बिद्यालयहरुमा सोलार, स्वास्थ्य चौकीहरुमा सोलार, गोवरग्यांस, बिद्युतिय चुलो, सुधारीएको चुलो जस्ता कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

**आदरणीय अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु,**

**अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको निति तथा कार्यकम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**(क) वन तथा भु-संरक्षण**

१. गाउँपालिका क्षेत्र भित्रका सबै सामुदायिक वनको संरक्षण गर्न सामुदायिक वन उपभोक्ता समितिलाई क्रियाशिल गरिनेछ ।

२. वातावरण संरक्षण गर्न एक व्यक्ति २ विरुवा अभियान संचालन गरिनेछ र यसका लागि एक वडा एक नर्सरी स्थापना कार्यक्रमका साथै **नर्सरी नाईके तथा वन रक्षक स्वयंसेवक** परिचालन गरिनेछन् । पालिका स्तरीय नर्सरी स्थापनाको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**(ख) जलाधार संरक्षण**

३. जलाधार संरक्षण गर्नको लागि पानीको मुहान वरिपरि बिरुवाहरुको रोपण गरिनेछ ।

**(ग) वातावरण संरक्षण र जलवायु परिवर्तन**

४. गाउँपालिका भित्र सञ्चालन हुने हरेक योजना तथा कार्यकममा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ ।

५. डढेलो लगायत वन विनास प्रति नागरिकलाई सचेत गराइ वन संरक्षणमा सबैलाई सहभागी गराइनेछ ।

६. प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्ने निति अवलम्वन गरिनेछ ।

**(घ) विपद व्यवस्थापन**

७. जोखिम तथा विपद् ब्यवस्थापनलाई ध्यानमा राखी बिपद् ब्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।

८. गाउँपालिका भित्र भएका प्रकोप घटना तथा अतिविपन्न परिवार औषधी उपचार तथा राहत वितरणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

९. गाउँपालिका भित्र भएका दैबिक प्रकोप घटनालाई मध्यनजर गर्दै प्रत्येक वडामा उद्धार तथा राहत समाग्रीको व्यवस्था मिलाईनेछ ।

१०. विपद जोखिमक्षेत्रको पहिचान गरी सो क्षेत्रको आवश्यक व्यवस्थापन गरिनेछ ।

**(ङ) फोहरमैला व्यवस्थापन**

११. गाउँपालिका भित्रका बजारहरुमा संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी ढलनिकास निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
१२. यस गाउँपालिकाका विभिन्न बजारहरुमा डस्टबिन तथा डम्पीङ्ग साइडको व्यवस्था मिलाइनेछ ।

**आदरणीय अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु ।**

**अब म संस्थागत विकास सेवा प्रवाह र सुशासन क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**(क) सामान्य सेवा**

१. सार्वजनिक सेवालाई चुस्त, दुरुस्त, जनमुखी, परिणाममुखी र सेवाग्राहीमैत्री बनाउन आवश्यक पहल कदमी गरिने छ । पारदर्शिता, सूचनाको हक, विधिको शासन, जनउत्तरदायित्व आदि सुनिश्चित गरि गाउँपालिका भित्र सुशासन कायम गर्न नागरिक वडापत्रको ब्यवस्था, सूचना सार्वजनिकिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदिलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । यसका साथै खटिएर ईमान्दारीपूर्वक काम गर्ने राष्ट्रसेवक कर्मचारी लाई उचित पुरस्कारको ब्यवस्था गरिनेछ  र कानून भन्दा बाहेक कार्यलयमा अनुपस्थित रहने, घुस तथा कमिशन लिने, जनतालई दुःख दिने, सेवा प्रवाहमा ढिलो गर्ने मादक पदार्थ सेवन गर्ने, जस्ता अनुचित कार्य गर्ने कर्मचारी तथा सार्वजनिक पद धारण गरेका ब्यक्तिलाई कारवाहीको दायरा भित्र ल्याईनेछ ।
२. कर्मचारीहरुको कार्यसम्पादन सम्झौता गरिनेछ र करार कर्मचारीहरु लाइ आवश्यकता तथा कार्यासम्पादन मूल्यांकनको आधारमा करार सम्झौता थप गरिनेछ ।
३. सार्वजनिक तथा सामाजिक सेवाको क्षेत्रमा रक्सी, धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवनलाई पुर्ण रुपमा निषेध गरिनेछ । उपभोक्ताको हक हित संरक्षण गर्न प्रत्येक पसलमा मुल्य सूचि राख्न लगाईनेछ र गुणस्तरयुक्त समाग्रीको सुनिश्चितताको लागि समय समयमा अनिवार्य वजार अनुगमन गरिनेछ र गुणस्तरहिन सामाग्री भेटिएमा प्रचलित कानून बमोजिम कारवाहि गरिनेछ ।
४. गाउँपालिकाले संचालन गर्दै आएका विकास निर्माण तथा दिगोविकासको लक्ष्य अनुरुप गाउँपालिकाले कृषि स्वयंसेवक, पशुपालन स्वंयसेवक, विकास निर्माण स्वयंसेवक, सडक मर्मत स्वयंसेवक र खानेपानी मर्मत स्वयंम सेवक परिचालन गरिनेछन ।
५. योजनाहरुको गुणस्तर सुधार गर्न एक वडा एक प्राविधिकलाई निरन्तरता दिई निर्माण अवधिभर योजनास्थलमा वस्ने व्यवस्था मिलाईनेछ ।
६. कार्यालय प्रयोजन बाहेक कुनै पनि सरकारी सवारी साधनमा इन्धन खर्च र मर्मत खर्च गर्ने परिपाटी वन्द गरिनेछ ।
७. सबै वडा कार्यालयहरुलाई केन्द्रिकृत हाँजिरी प्रणालीमा ल्याइनेछ ।
८. "आफ्नो टोल आफै बनाउ" भन्ने नाराका साथ टोल विकास संस्थाहरुलाई पुर्णता दिई योजना छनौटमा टोल विकास संस्थाले छनौट गरेका योजनालाई प्रथमिकता दिइनेछ ।

**(ख) सूचना प्रविधि तथा सुशासन प्रवर्द्धन**

९. कर असुलिमा हुनसक्ने अनियमिततालाई नियन्त्रण गर्न आगामी आ.व. २०८२/०८३ को श्रावण महिना देखि नै सबै वडाकार्यालयहरुबाट अनलाईन प्रणाली मार्फत राजश्व संकलनको कार्यलाई कडाइका साथ लागु गरिनेछ ।

१०. इन्टरनेटको समस्या समाधानका लागि सबै वडा कार्यालयहरुमा वैकल्पिक व्यवस्था मिलाईनेछ ।

११. यस गाउँपालिकाको सूचना तथा संचार प्रविधिको विकास एंवम् विस्तारको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

१२. गाउँपालिकाको सूचना तथा अन्य गतिविधिहरुमा आम जनताको पहुँच सुनिश्चित गर्न टोल फ्रि नम्बर , अडियो नोटिस बोर्ड , वेवसाइट , फेसबुक पेज तथा युटुव च्यानललाई थप प्रभावकारी बनाइनेछ ।

१३. "पहिलो सेवाग्राही पहिलो सेवा" भन्ने नाराका साथ सेवा प्रवाहलाई सहज र व्यवस्थित गर्न टोकन प्रणाली सेवा सूचारु गरिनेछ ।

१४. सूचना तथा प्रविधिको माध्यमवाट गाउँपालिकामा सेवाग्रहीको गुनासो सम्बोधन गरिने परिपाटीको विकास गरिनेछ ।

१५. गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाउन विभिन्न किसिमका सफ्टवयरहरु खरिद गरिनेछन ।

१६. गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र जडान गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

१७. गाउँपालिका वाट सञ्चालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणका कार्यहरु नियमित रुपमा गरिनेछ ।

१८. सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी,पारदर्शी र गुणस्तरिय बनाईनेछ ।

१९. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

**(ग) स्थानीय तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापन**

२०. अगामी आ.व. २०८२/०८३ भित्र अब्यवस्थित बसोवास र सुकुम्बासीहरुलाई जग्गा धनी प्रमाण पुर्जा प्रदान गर्न पहलगरी बसोवास लाई व्यवस्थित गरिने र सुकुम्बासीहरुलाई जग्गाको स्वामित्व प्रदानका लागि आवश्यक पहल गरिनेछ ।

२१. गरिब घर पहिचान तथा गरिब परिचयपत्र वितरण र गरिब लक्षित विषेश कार्यक्रम संचालन गरिनेछन ।

**(घ) न्याय तर्फ**

२२. न्यायिक समितिलाई थप प्रभवकारी बनाउन न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुका लागी तलिमको व्यवस्था मिलाईने छ ।

२३. प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाउदै लगिनेछ ।

२४. हिंसा पिडितका लागी न्यायमा पहुँच अन्तरक्रिया कार्यक्रम प्रत्येक वडाहरुमा अन्तरक्रिया कार्यक्रम चलाईनेछ ।

**(ङ) विविध**

२५. यस गाउँपालिकामा क्रमागत रुपमा संघीय सरकार र प्रदेश सरकारको समपूरक र विशेष अनुदान बाट सञ्चालित योजनाहरु कटौति गरिएकोमा संघीय र प्रदेश सरकारलाई ध्यानाकर्षण गराई आवश्यक वजेट विनियोजनका लागि आग्रह गरिनेछ ।

२६. अन्यत्र ठाउँबाट यस गाउँपालिकामा बसाईसराई गरि आउनेलाई विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२७. आर्थिक वर्ष २०८२/०८३ लाई बेरुजू फछ्यौट वर्षको रुपमा लिई बेरुजू फछ्यौट गर्ने तथा गर्न लगाईने छ ।

**आदरणीय अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु ।**

अन्त्यमा,

जनाधारको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रुपान्तरणको खाका तिर लैजाने कार्यसोच सहित आर्थिक वर्ष २०८२।०८३ को निति तथा कार्यक्रम प्रस्ताव गरेकी छु । प्रस्तुत निति तथा कार्यक्रम दोगडाकेदारको भविष्यको मार्गदर्शक दस्तावेज हो । गाउँपालिकालाई समृद्ध बनाउन सबै गाउँपालिका बासीको आ-आफ्नो ठाउँमा उत्तीकै महत्वपुर्ण भुमिका छ । यो निति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारी लगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्गचित्र हो । गाउँपालिकाको विकास सबैको विकास हो । विकास निर्माणका काममा आ आफ्नो क्षेत्रबाट सहयोग पु¥याउन र रचनात्मक सुझाव, सल्लाह दिन हुने गाउँपालिका बासीलाई हार्दिक आग्रह गर्दछौं । हामीले गाउँपालिका बासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसाथ गर्नेछौं । विकास निर्माणका काममा हामीहरु सबैको एउटै दृष्टीकोण हुनुपर्छ भन्नेमा हामी दृढ छौं । केन्द्रिय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादम्यता कायम गरि गाउँपालिकाको सर्वाङ्गिण विकास र सम्बृद्धिको स्पष्ट दृष्टीकोण सहितको दीर्घकालिन योजना निर्माणको पथमा हामी छौं । प्रस्तावित निति तथा कार्यकमको सफल कार्यान्वयन वाट उच्च दरको अर्थिक वृद्धि, माहामारीको असर न्युन, सामाजिक आर्थिक क्षेत्र गतिशिल भै आर्थिक वृद्धि पारस्परिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ यो निति तथा कार्यकम कार्यन्वयनमा सबै वाट सकृय सहयोग हुने विश्वस लिएको छु । अन्त्यमा , निती निर्माणमा सल्लाह सुझाव दिने दोगडाकेदार गाउँपालिकाको समग्र विकासमा योगदान गर्ने राजनितिक दल राष्ट्रसेवक कर्मचारी, सहकारी र सामुदायिक क्षेत्र , श्रमिक वर्ग, नागरिक समाज , विकास साझेदार संस्था, सूरक्षाकर्मी र सञ्चार जगत लगायत सम्पूर्ण गाउँ पालिकावासी दीदीबहिनी दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**पार्वती कार्की**
**उपाध्यक्ष**
**दोगडाकेदार गाउपालिका**

मिति : २०८२/०३/१० गते